# स्थानीय तहको आर्थिक ऐनको नमुना

रम्भा गाँउ पालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधयक

**प्रस्तावना** :-रम्भा गाँउपालिकाको आर्थिक बर्ष २०७४।०७५ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने ,छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यावस्था गर्न वाञ्छनिय भएकाले, नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम रम्भा गाँउ सभाले यो ऐन बनाएको छ।

**१ संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन,२०७४"रहेको छ।

(२) यो ऐन २०७४ श्रावण १ गते देखि रम्भा गाँउपालिका क्षेत्रमा लागु हुनेछ।

**२ सम्पति कर** : गाँउपालिका क्षेत्र भित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति कर /घरजग्गा कर लगाईने र असुल उपर गरिने छ।

**३ भूमि कर(मालपोत)** : गाँउपालिका क्षेत्र भित्र अनुसुचि (२) बमोजिम भूमि कर(मालपोत) लगाईने र असुल उपर गरिने छ।

**४ घर वाहाल कर** : गाँउपालिका क्षेत्र भित्र कुनै ब्याक्ति वा संघ संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरि पुरै वा आशिक तवरले वाहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा वाहाल कर लगाईने र असुल उपर गरिने छ।

**५ व्यवसाय कर** : गाँउपालिका क्षेत्र भित्र व्यापार, व्यावसाय वा सेवामा पूजिँगत लगानि र आर्थिक कारोवारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ।

**६ जडिबुटी, कवाडि र जीवजन्तु कर** : गाँउपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबटी, वनकस कवाडी माल र प्रचलित कानुनले निषेध गरियको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला,जस्ता बस्तुको व्यावसायिक कारोवार गरे वापत अनुसुचि (५) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ।

**७ सवारी साधन कर** : गाँउपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसुचि (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ।

**८ विज्ञापन कर** : गाँउपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुचि (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ।

**९ मनोरन्जन कर** : गाँउपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यावसाय सेवामा अनुसुचि (८) बमोजिम व्यावसाय कर लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

**१० बहाल बिटौरी शुल्क** : गाँउपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेमा अनुसुचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसुचिमा भएको व्यावस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिने छ ।

**११ पार्किङ शुल्क** : गाँउपालिका क्षेत्र भित्र कुनै सवारि साधनलाइ पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुचि (१०) बमोजिम लगाईने र असुल उपर गरिने छ ।

**१२ ट्रेकिङ्ग,कोयोकिड,क्यानोइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क** : : गाँउपालिकाले आफ्नो क्षेत्र भित्र किङ्ग,कोयोकिड,क्यानोइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यावसाय संचालन गरेवापत अनुसुचि (११) बमोजिम शुल्क लगाईने र असुल उपर गरिने छ ।

**१३ सेवा शुल्क दस्तुर** : गाँउपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईने सेवामा सेवाग्राहिबाट सोहि अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

**१४ पर्यटन शुल्क** : गाँउपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसुचि १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

**१५ कर छुट** : यस ऐन बमाजिम कर तिर्ने दायित्व भएका व्याक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६ कर तथा शुल्क संकल्न सम्बन्धि कार्यबिधि** : यो ऐनमा भएको व्यावस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाँउपालिकाले तोके अनुसार हुनेछ ।